NEWS

THE CARTER CENTER

ONE COPENHILL, ATLANTA, GA 30307

**कार्टर सेन्टर नेपालमा पत्रकारहरुमाथि भएका आक्रमणहरुको निन्दा गर्दछ।**

**२१ फाल्गुन, २०६६**

***तत्काल प्रकाशनका लागि***


**सम्पर्क**

**एटलान्टामाः डेबोरा ह्याक्स, १ ४०४-४२०-५१२४**

**काठमाडौंमाः स्यारा लेभिट-सोर, ९७७ १ ४४४-५०५५/१४४६**


काठमाडौं, फाल्गुन २१ । कार्टर सेन्टर नेपालमा संचार-सम्बद्ध व्यक्तिहरुमाथि बढ्दो धम्की तथा आक्रमणका घटनाहरुप्रति गम्भीर चासो व्यक्त गर्दछ । क्रियाशील प्रजातन्त्रको स्थायित्वका लागि स्वतन्त्र तथा उत्साहित पत्रकारिता अपरिहार्य हुने सेन्टरको दृढ मान्यता छ।

"खास गरि नेपालका विविध राजनैतिक धारणाहरुलाई समेट्न देशले सार्वजनिक बहसको सहनशील वातावरणलाई स्थायित्व दिन अत्यावश्यक भएको अवस्थामा पत्रकारहरुमाथि लगातारका धम्की तथा आक्रमणहरुले सूचनाहरुको स्वतन्त्र बहावलाई कमजोर तुल्याउँछन्", कार्टर सेन्टरका प्रजातन्त्र कार्यक्रमका सह-निर्देशक डा. डेविड पोट्टी भन्नुहुन्छ।

कार्टर सेन्टर धम्की तथा आक्रमणका घटनाहरुका जिम्मेवार व्यक्तिहरुलाई तत्कालै पक्राउ गरी कानूनी कारवाही गर्न र संचार जगत तथा सर्वसाधारणको सुरक्षा प्रत्याभूत गर्न सरकारसमक्ष आग्रह गर्दछ।

"आक्रमणकारीहरुको अनुसन्धान तथा कानूनी कारवाहीमा हुने कुनै पनि ढिलाइले दण्डहीनतालाई प्रश्रय दिनेछ र नागरिकको प्रहरी तथा न्याय प्रणालीप्रतिको विश्वासलाई क्षीण बनाउनेछ", पोट्टीले भन्नु भयो।

####

*नेपालमा सन् २००३ देखि शान्ति अभिबृद्धिका खातिर कार्य गरिरहेको कार्टर सेन्टरले सन् २००८ को संविधानसभा निर्वाचनमा एक अन्तर्राष्ट्रिय निर्वाचन पर्यवेक्षण टोलीलाई खटायो । सेन्टर स्थानीय तहमा केन्द्रित रही संविधान-निर्माण तथा शान्ति प्रक्रियाको अनुगमन गरिरहेको छ।*

*"शान्ति स्थापना, रोगविरुद्ध संघर्ष, भरोसाको निर्माण" का निम्ति लाभरहित उद्देश्यको एक गैरसरकारी संगठन द कार्टर सेन्टरले द्वन्द्व समाधान, प्रजातन्त्र प्रबर्द्धन, मानवअधिकार तथा आर्थिक अवसर, रोग निवारण, मानसिक स्वास्थ्य सचेतनाको वृद्धि गर्दै विकाशशील राष्ट्रका किसानहरुलाई अन्न उत्पादन बढाउन सिकाउँदै ७० भन्दा बढी देशमा नागरिकहरुको जीवनलाई सुधार्न सहयोग गरेको छ । कार्टर सेन्टर सन् १९८२ मा पूर्व अमेरिकी राष्ट्रपति जिम्मी कार्टर तथा उहाँकी धर्मपत्नी रोजालिनद्वारा इमोरी विश्वविद्यालयसँगको साझेदारीमा संसारमा शान्ति तथा स्वास्थ्यको प्रबर्द्धन गर्न स्थापित भएको हो । कार्टर सेन्टरबारे अझ जान्न कृपया* www.cartercenter.org *को भ्रमण गर्नुहोस् ।*